


# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २ गते आइतबार ❑ 16 Jan. 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५ ।–


## कोभिड-१९ नियन्त्रणका लागि सबै एकजुट हुनुपर्छः प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, १ माघ**

प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९ नियन्त्रणका लागि सबै एकजुट हुनुपर्ने बताउनुभएको छ ।

प्रमुख प्रतिपक्ष नेकपा एमालेले शनिबार कोभिड नियन्त्रणका विषयमा बुझाएको ध्यानाकर्षण पत्र बुझ्दै उहाँले सबै मिलेर कोरोना भाइरस सङ्क्रमणको जोखिमलाई परास्त गर्नुपर्ने बताउनुभएको हो । "कोरोना भाइरस सङ्क्रमण नियन्त्रण र रोकथामका लागि तेरो पार्टी, मेरो पार्टी नभनी हामी सबै एकजुट हुनुपर्छ", उहाँले भन्नुभयो, "सबैको सहकार्य र एकताबाट नै कोरोना भाइरस सङ्क्रमण नियन्त्रण र रोकथाम गर्न सकिन्छ ।"

प्रधानमन्त्री देउवाले अहिले देखिएको कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन धेरै सङ्क्रामक भएकाले सावधानी अपनाउन र सचेतना फैलाउन सरकारले पहल गरिरहेको उललेख गर्दै आफूले सरकारको नेतृत्व गरेपछि कोभिड-१९ विरुद्धको खोप लगाउने सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको र खोप लगाउन योग्य नागरिक सबैलाई पूर्ण मात्राको खोप लगाउने गरी सरकार अघि बढेको बताउनुभयो । प्रधानमन्त्री देउवालाई नेकपा एमालेका उपाध्यक्ष एवम् संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले कोभिड-१९ को नियन्त्रण, रोकथाम तथा उपचार सम्बन्धमा २२ बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो ।

एमाले स्वास्थ्य तथा जनसङ्ख्या विभागले बुझाएको ध्यानाकर्षण पत्रमा जनस्वास्थ्यको मापदण्डलाई लागू गर्न व्यापक जनचेतना र प्रचार अभियान सञ्चालन गर्न, खोपकेन्द्रको सङ्ख्या वृद्धि गरी सबै उमेर समूहका नागरिकलाई तत्काल खोप उपलब्ध गराउन, राज्यका निकाय एवम् कूटनीतिक क्षेत्रको सक्रियता बढाउन, खोपको आपूर्ति तथा प्रयोगका प्रबन्ध मिलाउन र पर्याप्त भण्डार केन्द्र स्थापना गर्न सरकारसँग आग्रह गरिएको उल्लेख छ । तीनै तहका सरकारको समन्वयमा कोभिड-१९ विपत् व्यवस्थापन कार्य सञ्चालन गरी सीमा क्षेत्रमा जाँच र होल्डिङ सेन्टरको व्यवस्थापन गरी सञ्चालन गर्न, थप स्वास्थ्य जनशक्ति परिचालन गरी उनीहरूलाई प्रोत्साहन प्याकेजको व्यवस्था गर्न, स्थानीय तह र स्थानीय स्वास्थ्य इकाइसम्म स्रोतसाधन र जनशक्ति पर्याप्तमात्रामा उपलब्ध गराउनसमेत एमालेले सरकारसँग आग्रह गरेको छ ।

यसैगरी ध्यानाकर्षण पत्रमा कोभिड-१९ को नियन्त्रण तथा रोकथामका लागि राज्यको सबै संयन्त्र तथा राजनीतिक दललाई समन्वयात्मक रूपमा परिचालन गर्न, सरकारी तथा निजी अस्पताल र मेडिकल कलेजलाई पनि समन्वयात्मक रूपमा परिचालन गर्न, पालिकास्तरमा जनस्वास्थ्य निरीक्षकको नेतृत्वमा ट्रेसिङ, परीक्षण, उपचार र खोपका लागि घुम्ती टोली परिचालन गर्न सरकारसँग आग्रह गरिएको छ । यस्तै आवश्यकताअनुसार पुनःस्थापना केन्द्र सञ्चालन गर्न, औषधि, खाद्यान्नलगायत अत्यावश्यक वस्तुको सहज आपूर्ति र भण्डारणको व्यवस्था गर्न, अस्पतालको स्तर वृद्धि गरी थप सेवा सञ्चालन गर्न, बुस्टर डोजको व्यवस्था तत्काल मिलाउन, राज्यका विभिन्न निकाय, स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा अनुसन्धान केन्द्रसँग समन्वय र साझेदारीमा कोभिड-१९ सम्बन्धी अनुसन्धानात्मक कार्यक्रम अघि बढाउनसमेत एमालेले सरकारको ध्यानाकर्षण गराएको छ ।

यस्तै कोभिड-१९ बाट मृत्यु भएकाको आश्रित परिवार (गर्भवती महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग र अशक्त) लाई पुनःस्थापनाको व्यवस्था गर्न, स्थानीय तहलाई विशेष जिम्मेवार बनाई साधन स्रोत र जनशक्ति उपलब्ध गराउन तथा दीर्घरोग, अत्यावश्यक स्वास्थ्य तथा नियमित स्वास्थ्य सेवा सञ्चालनमा राख्न पनि एमालले सरकारसँग आग्रह गरेको छ । एमालेले कोभिड-१९ का कारण विभिन्न क्षेत्रमा पर्ने नकारात्मक प्रभावलाई कम गर्न विशेष आर्थिक योजना कार्यान्वयन गर्न, वैकल्पिक रोजगारीको प्रबन्ध मिलाउन, विदेशमा कार्यरत नेपालीको स्वास्थ्य सुरक्षाका लागि सम्बन्धित मुलुकसँग पहलकदमी लिनसमेत सरकारसँग आग्रह गरेको छ ।

स्वास्थ्य विभाग प्रमुख योगेश भट्टराई, स्थायी कमिटी सदस्य खगराज अधिकारी, नेता कृष्णगोपाल श्रेष्ठ, विशाल भट्टराई लगायतको प्रतिनिधिमण्डलको टोलीले कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा सरकार ११ कमजोरीसमेत औल्याइएको छ ।

## ६ जनाको मृत्युपछि शोकमा डुब्यो बन्दीपुर

**रासस**
**तनहुँ, १ माघ**

तनहुँको बन्दीपुर गाउँपालिका-६ धरमपानीस्थित बाक्सेमा शुक्रबार राति भएको जीप दुर्घटनाले गाउँ शोकमा डुबेको छ ।

साराङघाटबाट धरमपानी भित्री सडकखण्डमा बाक्सेतर्फबाट धरमपानी जाँदै गरेको ग१ज ६५५५ नम्बरको जीप दुर्घटनामा छ जनाको मृत्यु भएपछि बन्दीपुर शोकमा डुबेको हो । माघे सङ्क्रान्ति पर्वको अघिल्लो दिन भएको दुर्घटनाले सबैलाई दुखित तुल्याएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो । "चाडपर्वका बेला भएको दुर्घटनाले बाक्से, हटिया मात्र नभई सिङ्गो पालिका शोकमा डुबेको छ", उहाँले भन्नुभयो । अध्यक्ष थापाका अनुसार आँबुखैरेनीको घुमाउनेबाट बुद्धसिंह मार्ग हुँदै बन्दीपुरतर्फ गुडेको जीप हटिया गाउँ आइपुग्नुभन्दा केही नजिक उकालोबाट व्याक भएर खसेको थियो । जीपको स्टार्ट बन्द भएर पुनःस्टार्ट गर्न खोज्दा पछाडि हटेपछि जीप दुर्घटना भएको उहाँले बताउनुभयो । "चालक सिकारु रहेको बुझिन आएको छ, चालक फरार छ", उहाँले भन्नुभयो । दुर्घटनाको खबर पाएलगत्तै जनप्रतिनिधि, प्रहरी र स्थानीयवासी उद्धारमा जुटेका थिए । अध्यक्ष थापाका अनुसार बन्दीपुर र आसपासबाट आठ वटा एम्बुलेन्स उद्धारका लागि पठाइएको थियो । घाइतेको उपचारका लागि बन्दीपुरमा रहेका सबै चिकित्सकलाई परिचालन गरिएको थियो । "घाइतेको उपचारमा कुनै कसर बाँकी राखेका छैनौँ, घाइते भएका आठ जनालाई थप उपचारका लागि राति नै भरतपुर अस्पताल पठाएका छौँ", अध्यक्ष थापाले भन्नुभयो । बन्दीपुर गाउँपालिका-६ का वडाध्यक्ष सन्तबहादुर गुरुङले दुर्घटनाले वडावासी शोकमा डुबेको बताउनुभयो । उहाँका अनुसार मृतकमध्ये एक दम्पती पनि छन् । एकैघरका आमा छोराको पनि दुर्घटनामा मृत्यु भएको छ । "चार जनाको शव घटनास्थलबाट निकालेका थियौँ, थप दुईको उपचारका क्रममा मृत्यु भयो", उहाँले भन्नुभयो । प्रहरीका अनुसार दुर्घटनामा परी बन्दीपुर गाउँपालिका-६ का ५३ वर्षीय हरि न्यौपाने, ४८ वर्षीया सुशीलादेवी न्यौपाने, २४ वर्षीय रोशन गुरुङ, नौमहिने बालिका आरुबी थापा, ४८ वर्षीय सन्तबहादुर गुरुङ र ५० वर्षीया विममाया गुरुङको मृत्यु भएको छ । दुर्घटनामा २१ वर्षीया जमुना थापा, ४८ वर्षीया ममकुली गुरुङ, २२ वर्षीया कुमारी गुरुङ, १६ वर्षीया सनिसा थापा, सात महिनाकी बालिका विविशा थापा, १८ वर्षीय कुमार थापा, २० वर्षीय दानबहादुर थापा र २१ वर्षीय विपीन थापा घाइते भएका छन् । घाइतेलाई थप उपचारका लागि भरतपुर पठाइएको प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो ।

## ४, ६३६ संक्रमित थपिए

**रासस**
**तनहुँ, १ माघ**

पछिल्लो २४ घण्टामा चार हजार ६३६ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार सार्वजनिक गरेको बुलेटिनमा १४ हजार ५५६ परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । योसँगै सक्रिय सङ्क्रमितको सङ्ख्या २१ हजार ५८४ पुगेको छ । पछिल्लो समय थप ३५० जना सङ्क्रमणमुक्त भएका छन् । योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या आठ लाख १६ हजार तीन पुगेको छ । सङ्क्रमणमुक्त हुनेदर ९६.१ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा चार जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ ।

## घ्यु, चाकु खाएर मनाइयो माघे संक्रान्ति


**रासस**
**काठमाडौं, १ माघ**

माघ महिनाको पहिलो दिन शनिबार बिहान स्नान, जप, तप, ध्यान, साधना गरी घ्यु, चाकु खाएर माघे सङ्क्रान्ति पर्व मनाइएको छ ।

सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने सङ्क्रान्ति अर्थात् माघ १ गते मकर (माघे) सङ्क्रान्तिका नाममा पनि वैदिक सनातन हिन्दू धर्मावलम्बीले सनातनदेखि कूल परम्पराअनुसार यो पर्व मनाउँदै आएका छन् ।

माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा क्रमशः रात छोटो हुँदै जान्छ । उत्तरायण सुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मानिन्छ । यसैले आजका दिन देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडीलगायत स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लाग्ने गरेकामा यस वर्ष कोरोना भाइरसको महामारीका कारण सीमित भक्तजनमात्र स्नान गर्न पुगेका थिए । देवघाटको मुख्यस्थलमा शुक्रबारदेखि नै प्रहरीले आउजाउ निषेध गरेको थियो । तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रूपमा मनाउँछन् । वर्षभर ननुहाए पनि आज भने अनिवार्य नुहाउनुपर्ने मान्यता छ । धर्मसिन्धुमा माघ १ मा घ्यू, चाकु, तिलका परिकार तथा खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख भएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । शरीरमा तिलको तेलले मालिस गर्दा दुषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ । शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेलको मालिसबाट सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ ।

जाडो महीनामा घ्यू, चाकु, चरुल, लड्डु, तिलौरीजस्ता परिकार खाँदा न्यानो हुनाका साथै स्वास्थ्य राम्रो हुने भएकाले यो पर्वलाई मानव स्वास्थ्यसँग समेत जोडेर हेर्ने गरिन्छ । यस्ता परिकारले मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउन पनि सहयोग गर्ने आयुर्वेदका चिकित्सक डा वंशदीप शर्मा खरेलले बताउनुभयो ।




# वालिङमा निशुल्क डायलाइसिस सेन्टर संचालन

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १ माघ

नेपालमा पछिल्लो समय मृगौला रोगका पिडितको अवस्था दिनानुदिन बढ्दो छ।

बिषादी खाद्यन्न, जथाभावी क्लिनिकबाट औषधी सेवन गर्ने, स्वास्थ्यलाई ख्याल नगर्दा मृगौला रोग बढ्ने गरेको चिकित्सकहरु बताउछन् । मृगौलाले काम गर्न छाडेपछि ज्यान जानबाट बचाउन गरिने डायलाइसिसका लागि पनि स्याङ्जाका मृगौला पिडित रोगीलाई निकै समस्या हुने गरेको थियो । यसलाई मध्यनजर गेरर स्याङजाको वालिङमा रोटरी क्लव अफ वालिङले निशुल्क डायलाइसिस सेन्टरको सुरुआत गरेको हो ।

मृगौला रोगी बढ्न थालेपछि स्याङ्जाको वालिङमा रोटरी अफ क्लव वालिङको पहलमा निशुल्क सुविधा सम्पन्न डायलाइसिस सेन्टर सञ्चालनमा ल्याएको छ। करिब ७ करोड खर्च गेरर संचालनमा ल्याइएको वालिङ सामुदायीक डायलाइसिस सेन्टरमा दैनिक १६ जनाको उपचार गर्ने क्षमता रहेको छ। वालिङ नगरपालिका वडा नम्वर १० मा सञ्चालनमा ल्याइएको डायलाइसिस सेन्टर रोटरी क्लव अफ वालिङले वालिङ नगरपालिका र गौतम बुद्ध सामुदायिक मुटु अस्पतालको सहकार्यमा सेन्टर सञ्चालनमा ल्याएको हो।

रोटरी क्लव अफ वालिङको प्रस्तावनामा रोटरी ईन्टरनेसनलले डायलाइसिस सेन्टर सञ्चालनका लागि ५ करोड र गौतमबुद्ध सामुदायीक अस्पतालले २ लाख खर्च गरेका छन् । वालिङ नगरपालिकाले उपलब्ध गराएको भवनलाई मर्मत गरेर डायलाइसिस सेन्टर संचालनमा ल्याइएको रोटरी क्लव अफ वालिङका पुर्व अध्यक्ष राजेन्द्र डुम्रेले बताए । मृगौला पिडित रोगीहरु डायलाइससि गर्न पोखरा वा पाल्पा जानुपर्ने बाध्यता रहदै आएको थियो । हरेक बर्ष स्याङ्जाबाट मृगौला पिडितले डायलाइसिसका लागि करोडौ खर्च गर्ने गरेको तथ्याङ्क पाएपछि रोटरी क्लव अफ वालिङले यसको योजनामा लागेको थियो । करिब ३ बर्ष लगाएर गौतमबुद्ध सामुदायीक अस्पताल बुटवलको आर्थिक र प्राविधिक सहयोगमा वालिङमा निशुल्क डायलाइसिस संचालनमा ल्याउन सफलता पाएको हो । विभिन्न हस्पिटललाई डायलाइसिस सेवाका लागि नेपाल सरकारले दिने रकमलाई गौतम बुद्ध सामुदायीक अस्पतालले लिने गरी यो सेवा संचालनमा ल्याएको रोटरी कल्व अफ वालिङका पुर्व अध्यक्ष डुम्रेले बताए। यसका लागि बिरामीलाई कुनै शुल्क लाग्ने छैन उनले भने,‘ पाल्पा, बुटवल लगायत जुनसुकै हस्पिटलमा डायलाइसिस गरेका बिरामीलाई अब सहज हुनेछ ।’ मृगौला पिडितले अब कसैसग ज्यान बचाउन हात जोड्नु पर्दैन उनले भने।



मृगौला डायलाईसिस सेन्टरमा ११ वटा मेसिन जडान गरिएको छ। सेन्टर सञ्चालनको शुरुमा एक महिनामा ४८ जनाले उपचार गर्न सक्ने क्षमता रहेपनि बिरामीको चाप बढेमा बढाउन सकिने बताइएको छ । स्याङ्जा र दक्षिण पर्वत जिल्लामा मृगौला रोगीको संख्या बढेको देखिन्छ । स्याङ्जामा हाल २ सय ४४ जना मृगौला रोगबाट पिडित रहेको तथ्याङ्क रहेको छ । डायलाइसिस गर्न बुटवल र पोखरा जानुपर्ने बाध्यताका कारण रकम अभावले ज्यान जानेदेखि सम्पती सकिएका घट्नाहरु आएका बेला यो सुविधा जिल्लामै शुरुआवत भएपछि स्थानीयहरु पनि खुशी भएका छन् । बिरामी पुरै निको हुने भन्दा पनि बिरामीलाई सजिलो बनाउन वा मृगौला प्रत्यारोपणमा सहजता दिन डायलाईसिस गर्ने वालिङ सामुदायीक डायलाइसिस अस्पतालका प्रमुख डाक्टर रजत कायस्थले बताए । यो रोगलाई न्युनिकरण गर्न यस्ता डायलाइसिस सेन्टरहरु जिल्ला, जिल्लामा संचालन, डाक्टरको सल्लाह नलिई जथाभावी औषधी सेवनलाई रोक, जनचेतनाको आवश्यकता रहेको डा. कायस्थको सुझाव छ।

यस सेन्टरमा एक जना मृगौलाका बिरामीलाई एकपटक डायलाईसिस गर्न चार घण्टा लाग्नेछ । सेन्टरमा अहिले बिशेषज्ञ चिकित्सक सहित ११ जना स्वास्थ्यकर्मी कार्यरत छन्। रोटरी क्लव अफ वालिङले ल्याएको निशुल्क डायलाइसिस सेवाले स्याङ्जा र दक्षिण पर्वतका मृगौला पिडितका लागि ठुलो राहत मिलेको छ । आर्थिक अभावले मृगौलाबाट ज्यान गुमाउनबाट बचाउने यो सामाजिक कार्यका लागि स्याङ्जावासीले रोटरी क्लव अफ वालिङलाई प्रशंसा गरेका छन् । यो सेन्टरको सुरआवतमा पुर्व मन्त्री पद्मा अर्याल, जिल्ला समन्वय स्याङ्जाका उपप्रमुख दिलिपकुमार वगाले, वालिङ नगर प्रमुख दिलिपप्रताप खाँण लगायतको सहभागीता रहेको थियो। शुरुआतमा दुई जना मृगौला पिडित रोगीले सेवा लिएका छन्।

# पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको सचिवमा कास्कीकी शर्मा निर्वाचित

पोखरापत्र संवाददाता
पोखरा, १ माघ




नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको सचिवमा कास्कीकी शकुन्तलादेवी शर्मा निर्वाचित भएकी छन्। चितवनको सौराहामा सम्पन्न महासंघको छैटौं अधिवेशनबाट शर्मा सचिवमा विजयी भएकी हुन्।

पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको कार्यसमितिको पदाधिकारीमा महिला निर्वाचित भएको यो पहिलो पटक हो । पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको इतिहासमा कास्की की शर्माले पहिलो महिला पदाधिकारीको रुपमा आफ्नो नाम लेख्न सफल भएकी छन् । कास्कीको पोखरा ३१ कि बासिन्दा शर्माको पोखरा १० रामघाटमा सल्लरबोट पुस्तक एण्ड स्टेसनरी सप्लायर्स व्यवसाय रहेको छ।

यस्तै, नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको अध्यक्षमा कैलालीका सञ्जयकुमार चौधरी निर्वाचित भएका छन् भने वरिष्ठ उपाध्यक्षमा रुपन्देहीका दिवाकर घिमिरे, उपाध्यक्षमा चितवनका किरणकुमार खनाल, काठमाडौंका पुष्पराज पौडेल र सुनसरीका सञ्जीव सत्याल निर्वाचित भएका छन् । यसैगरी, महासचिवमा शिवसागर शर्मा, उपमहासचिवमा रुपन्देहीका यमलाल लोहनी, सचिवमा काठमाण्डौका विष्णुप्रसाद पौडेल, बाँकेका बुद्धिप्रसाद अधिकारी र कास्कीकी शर्मा निर्वाचित भएका हुन् । यस्तै, कोषाध्यक्षमा काठमाण्डौका गोविन्द महर्जन, सहकोषाध्यक्षमा मकवानपुरका किरणबाबु न्यौपाने, लेखा समिति संयोजकमा सिन्धुलीका वाशुप्रसाद भेटुवाल, लेखासमिति सदस्यमा चितवनका बुद्धिसागर कँडेल र मकवानपुरका वाशु न्यौपाने निर्वाचित भएका छन् ।

त्यसैगरी पदेन केन्द्रीय सदस्यहरूमा रञ्जन चापागाई प्रदेश १, धिरज श्रेष्ठ प्रदेश २, नारायणकुमार श्रेष्ठ वागमती, लिलाराम गौतम गण्डकी, भैरव रावल लुम्बिनी, कमल नेपाल कर्णाली र मेखराज दाहाल सुदूरपश्चिम चयन भएका छन् । भूगोल सदस्य अन्तर्गत उमेश अधिकारी, उमेशकुमार अग्रवाल प्रदेश २, रमेश ढुंगेल वाग्मती, द्रोणप्रसाद भुसाल लुम्बिनी, जगत प्रसाद शर्मा कर्णाली र वासुदेव गौतम सुदूरपश्चिम चयन भएका छन् ।

खुला केन्द्रीय सदस्य तर्फ राजेन्द्र तिवारी चितवन, गणपति पाण्डे रुपन्देही, विजयकृष्ण महर्जन ललितपुर, ताराराम श्रेष्ठ तनहुँ, रविन बराल झापा, रवीन्द्र बराल सुनसरी र शम्भु लामिछाने कैलाली निर्वाचित भएका छन्। त्यस्तै खुला केन्द्रीय सदस्य स्टेसनरी तर्फ सरोज मास्के चितवन, कृष्णराम कार्की काभ्रे, होमनाथ पाण्डे रुपन्देही, गोविन्द गौतम र मोहनप्रसाद सापकोटा कास्की चयन भएका छन् । एसोसिएट केन्द्रीय सदस्य स्टेसनरी तर्फ अर्जुनकुमार आचार्य काठमाडौं र पुस्तक तर्फ महेश शर्मा चयन भएका छन् । महासंघको निर्वाचित समितिको कार्यकाल दुई वर्षको हुनेछ।

# टाइगर कपको उपाधि विभागिय टोलीलाई

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

दोस्रो संस्करणको ‘टाइगर कप आमन्त्रित खुल्ला महिला तथा पुरुष भलिबल’ प्रतियोगिताको उपाधि विभागिय टोलीले हात पारेका छन्। उक्त प्रतियोगिता अर्न्तगत महिला तर्फ शसस्त्र प्रहरी वलको एपिएफ र पुरुषतर्फ त्रिभुवन आर्मी क्लबले उपाधि जितेका हुन।

पोखरा रंगशालास्थित भलिबल प्रशिक्षण केन्द्रमा शनिबार भएको फाइनल खेलमा दुबै विभागिय टोलीले जित हासिल गर्दै उपाधि सहित नगद ३ लाखको साथमा ट्रफी प्राप्त गरे।

हजारौं दर्शक माझ सम्पन्न भएको महिलातर्फको फाइनल खेलमा एपीएफले अर्को विभागिय टोली त्रिभुवन आर्मीलाई २५-२३, २५-१५ र २५-२० को सोझो सेटमा पराजित गर्‍यो । टाइगर ग्रुप अफ पोखराका आयोजनामा शनिबार सम्पन्न फाइनल खेलमा पुरुषतर्फ आर्मीले टिप टप हेल्प नेपाल स्पोर्ट्स क्लब माथि २५-१८,२४-२६, २५-१८ र २५ १९ को सेटमा पराजित गर्दै उपाधि आफ्नो पोल्टामा पार्न सफल भयो । उपबिजेता भएका दुबै टोलीले जनही १ लाख ५० हजार सहित ट्रफी र मेडल प्राप्त गरे । गत पुस २६ गतेदेखी सुरु भएको महिला तथा पुरुष तर्फ ५, ५ टिमको सहभागिता रहेको थियो। प्रतियोगितामा महिलातर्फ होङ्गान्जी न्यु डायमन्ड स्पोर्ट्स क्लब तेश्रो हुदै ७५ हजार तथा चौथो भएको डिफेण्डिङ च्याम्पियन पुलिसले ३५ हजार पुरस्कार प्राप्त गरयो । पुरुषतर्फ नेपाल पुलिस तृतीय र आयोजक साविक विजेता गण्डकी प्रदेश चौथो स्थान प्राप्त गरी क्रमशः ७५ हजार र ३५ हजार पुरस्कार प्राप्त गरे । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुरुषतर्फ आर्मीका दानबहादुर बुढा क्षेत्री र महिलातर्फ एपीएफका सरस्वती चौधरी घोषित हुँदै जनही २५ हजार पुरस्कार प्राप्त गरे । महिलातर्फ उत्कृष्ट सर्भर एपीएफका निरुता ठगुन्ना, सेटर आर्मीका कृपा अधिकारी, ब्लकर एपीएफका हिरा केसी, लिब्रो न्यू डायमण्डका शलिना श्रेष्ठ, स्पाइकरमा आर्मीका शान्तिकुमारी थारु र प्रशिक्षकमा एपीएफका महेश चौधरी घोषित हुँदै जनही १० हजार पुरस्कार प्राप्त गरे। यसैगरी पुरुषतर्फ उत्कृष्ट सेटर नेपाल प्रहरीका इमबहादुर राना, सर्भर आर्मीका हरिहजुर थापा, ब्लकर टिप टपका अमित गुलिया, लिब्रो आर्मीका इश्वर थापा, स्पाइकर टिप टपका विनित कुमार चौधरी र प्रशिक्षक आर्मीका जगतबहादुर सिँह घोषित हुँदै जनही १० हजारका दरले पुरस्कार प्राप्त गरे।

प्रतियोगिताको विजयी टोली तथा सर्वोत्कृष्ट खेलाडी र उत्कृष्ट खेलाडीहरुलाई गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ, नेपाल भलिबल सङ्घका अध्यक्ष मनोरञ्जन रमण शर्मा, साउथ एशियन सेन्ट्रल भलिबल एशोसिएसनका अध्यक्ष मोहम्मद लतिफ, नेपाल भलिबल संघका महासचिव जितेन्द्रबहादुर चन्द, राखेप बोर्ड सदस्य राजेश कुमार गुरुङ, आयोजक टाइगर ग्रुपका अध्यक्ष नारायण प्रसाद शर्मा लगायतले पुरस्कार वितरण गरेका थिए । कोरोनाको तेश्रो लहरका बाबजुत उक्त प्रतियोगिता सम्पन्न गर्न सहयोग गर्ने सम्पुर्ण महानुभावहरु प्रति अध्यक्ष शर्माले धन्यवाद समेत ज्ञापन गरेका छन्। कास्कीमा समेत माघ १ गते देखि सार्वजनिक स्थलमा जानेहरुले कोरोना बिरुद्धको डबल खोप कार्ड अनिवार्य देखाउनु पर्ने नियम लागु गरेको छ।

# २० सेकन्डमा नकाउट गर्दै च्याम्पियन बने मेसेस कुमाल

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

२१ औं राष्ट्रिय माछापुच्छ्रे फुल-कन्ट्र्याक्ट कराँते तथा तेश्रो क्योकुशिन कान कराँते प्रतियोगिताका -२०७८ पुरुषतर्फ ५५ केजी माथी खुल्ला तौल समूहमा पहिलो मेसोस कुमाल भएका छन् ।

नेपाल क्योकुसिन कान कराँते संघ कास्की शाखाले पोखरा रंगशालामा आयेजना गरेको उनले फाइनल खेलमा सरगम कुमाललाई २० चुदान माओसिग्रीले किकले नकाउट गर्दै प्रथम भएका हुन । दोस्रो संगम कुमाल तेस्रो सुमित सिग्देल र अनिल बराम भएका छन् ।

५५ केजी तौल समूहमा पहिलो धुर्वराज परियार दोस्रो कपिल कुमाल तेस्रो अनिश बिक र हेमन्त बिक भएका भए । ५० केजी तौल समूहमा पहिलो युवराज गुरुङ दोस्रो रतन दुदेल दोस्रो तेस्रो रोशन गुरुङ र राजन बिक भएका छन् । ४५ केजी र्तौल समूहमा पहिलो आयुस सुनार दोस्रो नायण श्रीपाली तेस्रो किस्मत कडेल र अमंर थापा भएका छन् ।

४० केजी तौल समूहमा पहिलो शाबित प्रत्येल, दोस्रो अविशेक तामाङ, तेस्रो रितेश गुरुङ र अम्बर थापा तेस्रो भएका छन् । ३५ केजी तौल समूहमा पहिलो रविन गौतम दोस्रो बसन्त थापामगर तेस्रो शलिन केसी र आयुस चापागाई तेस्रो भएका छन् । ३० केजी तौल समूहमा पहिलो सत्कार प्रत्येल, दोस्रो रोशन परियार, तेस्रो सुभम पौडेल र कुशल तिवारी भएका छन् । महिलातर्फको खेल ५० केजी माथी खुल्ला तौल समूहमा सरगम कुमाल पहिलो भएकी छन् । कुमाल र धन कमारी मगर बिच भएको खेलमा २ पटक सम्म बरामबरी भएको खेलमा तेस्रा समयमा उनले जितेकी हुन । दास्रो धन कमारी मगर तेस्रो सर्मिला बुढा र सिर्जना पुन भएका छन् । खुल्ला तौला समूहमा ४५ केजी तौल समूहमा पहिलो मनिसा तामाङ, दोस्रो सर्वदा पौडेल तेस्रो सविना क्षेत्री र ज्योती मल्ल४० केजी तौल समूहमा अनुस्का बिक पहिलो दोस्रो बिपिसा विक तेस्रो सुबिना श्रेष्ठ र सुबिना बिक भएका छन् । प्रतियोगितामा बेष्ट फाइटर पुरुषतर्फ लिला बहादुर बिक घोषित भएका छन् । महिलातर्फ ज्योती मल्ल घोषीत भएकी छन् । प्रतियोगितामा मुख्य जुरीको भुमिकामा धनबहादुर तामाङ जुरीमा दानबहादुर क्षेत्रीमा रहेका थिए । मुख्य निर्णयकमा सुबास खड्का र निर्मल केसी रहेका थिए । निर्णयकमा राजु थापा, उज्वल कार्की, बिनोद नेगी, सुमन प्रत्येल, मुना पुन, मदन क्षेत्री, अजुन बराम दिल पुन निरोज परियार लगायत रहेका थिए । प्रतियोगितामा क्योकुशिन कान कराँतेको बिकासमा सहयोग गर्ने शंकर भण्डारी संघका निर्वतमान अध्यक्ष बेल बहादुर थापा, सिनियर खेलाडी सुरेन्द्र श्रेष्ठ, प्रकाश बराल र नविन मल्ललाई सम्मान गरिएको थियो।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरू:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

**विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म**

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग:** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवन एउटा कहिल्यै समाप्त नहुने बसन्त हो ।
– वी. पी. कोइराला

## सम्पादकीय

# २३ औं वर्षको यात्रा

पोखरामा पत्रकारिता शुरु भएको छ दशक बढी भएको छ। नेपालमा प्रजातन्त्रको स्थापना पछि मात्र पत्रपत्रिका प्रकाशित भएको हो । पोखरामा २००७ सालको आन्दोलन पछि मात्र पत्रिका प्रकाशित भएको पाइन्छ। त्यो पनि हस्तलिखित हो । नेपालमा पहिलोपटक आम चुनाव हुने घोषणा पछि पत्रिका प्रकाशित हुन थालेको हो। पत्रपत्रिका निरन्तरता जनमत संग्रह पछि हो । ब्यावसायिक पत्रकारिता २०४६ सालको परिवर्तन पछि हो। पोखरापत्र अरोह अवरोह पार गर्दै आजको दिनसम्म निरन्तरता दिन सकेको छ । साना लागानीका पत्रिकालाई जोगाउनै धौ धौ परेको बेला पोखरापत्रले दुई दशक यात्रा पार गरेको छ। यो अवधिसम्म प्रदेश स्तरको 'क' वर्गमा परेको छ। पोखरामा २००८ सालमा हस्तलिखितबाट पत्रिका शुरु भएको थियो । दर्ता गरेर प्रकाशन सुरु २०१५ सालबाट भएको हो । मिसनको रुपमा थालिएको पत्रकारिता पञ्चायतको अन्त्यपछि व्यावसायिक बन्न प्रयास गरेको हो।

बहुदलीय खुला अवस्था पछि बल्ल पत्रकारिता व्यवसायिक र जनताप्रति जवाफदेही बन्नुपर्छ भन्ने मान्यताको विकाश हुदै गएको छ । स्थानीय र प्रदेश स्तरका संचारमाध्यमले नै भुई तहका जनताको आवज दिन सक्छन् । तिनै संचार माध्यमले राष्ट्रियता र लोकतन्त्रलाई बलियो बनाउन सक्छन् । त्यस्ता संचार माध्यमलाई टिकाउनका लागि स्थानीय तह र प्रदेश सरकारले सघाउनुपर्छ भन्ने मान्यता अझै आउन सकेको छैन् । कागजमा संघीयता आएपनि व्यवहार र मानसिकतामा आउन सकेको छैन् । अझै पनि संघीय सरकारको लोक कल्याणकारी विज्ञापनलाई आधार मान्नुपर्ने अवस्था विद्यमान छ। जवसम्म स्थानीय र प्रदेश सरकारले पत्रपत्रिकालाई संरक्षण गर्ने निति लिन सक्दैन तवसम्म दिर्घायू हुन सक्दैनन् ।

अनेकौ चुनौतीलाई पार गर्दै पोखरापत्रलाई यो अवस्थासम्म ल्याई पुऱ्याउने अहोरात्र खट्ने सहकर्मीको मेहनत, लगनशिलता र ईमान्दारिताको प्रतिफल हो। जसले शुरुका अवस्थामा मेहनत, परिश्रम लगाए त्यसैको जगमा टेकेर हामी यो अवस्थामा आएका हौं हाम्रा पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुको मायाले नै हामीलाई अगाडि बढ्न प्रेरित गरिरहेको छ। सूचना प्रविधिको विकाशले गर्दा पत्रपत्रिकालाई अगाडी बढ्न चुनौती खडा भएको छ । हिजोको अवस्थाबाट आज अगाडि बढ्न सहज छैन् । हरेक व्यक्तिले ताजा समाचार सजिलै पाउँने अवस्था प्रविधिले विकाश गरेको छ । प्रविधिसँग सँगसँगै जान नसक्नेले यात्रा परिवर्तन गरेका छन् । अहिलेको खाचो जनतालाई सत्यतथ्य समाचार र समाजलाई अग्रागामी बाटोमा लैजाने विचारको खाचो छ। पाठकले रुचाएको र खोजेका विषय दिन नसक्दा पत्रिका जन्मने र मर्ने पनि भएका छन्। डिजिटल पत्रिका चर्चित र लोकप्रिय बन्दै गएको छ। सामजिक सञ्जालको विकासले गर्दा हरेक कुरा तत्काल थाहा पाउने अवस्थाको विकास भएको छ । संचार क्षेत्रमा आएको परिवर्तनले गर्दा छापा पत्रकारिता क्षेत्रले धेरै चुनौतीको सामना गर्नुपरेको छ । जनताले सही र तथ्ययुक्त समाचार पाउँन अझै सकेका छैनन् ।

पत्रकारिता आवाजहिनको आवाज बन्नुपर्नेमा अझैपनि शास्त्रीय राजनीतिक विषयबस्तुले मात्रै प्राथमिकता पाउने गरेको छ। लोकतन्त्रको प्रतिफल जनताले अनुभुत गर्ने पाएका छैनन्। व्यवस्था फेरिए पनि नेताहरुको प्रवृतिमा परिवर्तन आएको छैन। जनताका सरोकारका विषय संचारमाध्यमले दिनुपर्ने अहिलेको अहम चुनौती हो। स्थानीय र प्रदेश सरकार पनि ठूला लगानीका मिडियालाई नै महत्व दिने गरेका छन्। स्थानीय र प्रदेश सरकारको नीति एकातिर व्यवहार अर्कोतिर छ। केन्द्रीकृत मानसिकताका कारण केन्द्रबाट प्रकाशित हुने पत्रिकामा विज्ञापन गरेर प्रदेश र स्थानीय सरकारले करको दुरुपयोग गरेका छन् । अभिजात्य वर्ग, ठूला व्यापारिक घराना, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संरक्षण पाउने नीतिलाई प्रदेश सरकारले बदल्न सकेका छैनन् । संघीयतालाई वलियो बनाउन र आधारभूत जनताको पक्षमा रहने संचार माध्यमलाई संरक्षण र प्रोत्साहन गर्नु पर्दछ ।

नयाँनयाँ कानुन बनाएर प्रेसलाई नियन्त्रण गर्न खोज्दा लोकतन्त्र बलियो हुन सक्दैन्। धेरै जरिवान र सजाय दिएर मात्र तह लगाउन सकिन्छ भन्ने मान्यता अहिलेको खुला समाजलाई सुहाउने कुरा होईन। प्रेर्स स्वतन्त्र भएमा लोकतन्त्र वलियो हुन्छ। स्वच्छन्दता नेपाली प्रेसले खोजेको होईन। स्वच्छन्दतालाई निहु बनाएर स्वतन्त्रतालाई रोक्नु हुदैन । नेपालको संविधान २०७२ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको ग्यारेण्टी गरेको छ। प्रेसले स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण बनाउनुपर्नेमा पत्रकारहरुको पेशागत र भौतिक सुरक्षाका साथै संचारमाध्यमलाई संरक्षण र प्रबर्द्धन गर्ने नीति राज्यले नलिएसम्म प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संविधानमा लेखेर मात्र पुग्दैन। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभुति व्यवहारमा देखिनु पर्दछ । प्रेसका थुप्रै चुनौतीका बाबजुद पोखरापत्र यो अवस्थामा ल्याउन हामीलाई पाठक विज्ञापनदाता शुभेच्छुकहरुको मायाँ र स्नेहका कारणले सम्भव भएको हो। हामीलाई अविचलित रुपले अघि वढन प्रेरणा दिने हाम्रा सहकर्मी, पाठक, विज्ञापनदाता र शुभेच्छुकहरुप्रति आभार प्रकट छौं ।

# आँधिखोला लघुवित्तको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

आँधिखोला लघुवित्त वित्तीय संस्थाको पाँचौ बार्षिक साधारण सभा शुक्रबार वालिङ स्याङजामा सम्पन भएको छ।

सभामा संचालक समितिको तर्फवाट अध्यक्ष नरेश केसीद्धारा प्रस्तुत आर्थिक वर्ष २०७७-७८ को वार्षिक प्रतिवेदनलाई छलफल गरी पारित गरियो।

सभाले लेखा परिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७-७८ को वासलत , नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गरिएको प्रमुख कार्यकारी अधिकृत डोलराज के.सीले बताए।

सभाले राष्ट्र वैंकको स्वीकृत बमोजिम २० प्रतिशत बोनस शेयर स्वीकृत गरेको वताईएको छ । सभावाट संस्थापक समुहको प्रतिनिधित्व गर्दै नरेश के.सी सहित श्यामविक्रम खाँड र सावित्रा दवाडी पौडेल निर्वाचित भएको कम्पनी सचिव वावुराम कुँवरले वताएका छन् । सभापछिको वैठकले पुनः नरेश के.सी लाई अध्यक्षमा चयन गरेको जनाइएको छ । साधारण सभाको उद्धघाटन संचालक समितिका अध्यक्ष नरेश के सीले गरेका थिए । स्वागत मन्तव्य संचालक दिपेन थापाले गरेका थिए भने धन्यवाद ज्ञापन संचालक केहर सिंह के.सीले गरेका थिए। कार्यक्रमको संचालन कम्पनी सचिव वावुराम कुँवरले गरेका थिए । संस्थाले हाल ११ जिल्लामा १९ कार्यालय मार्फत २ प्रदेशमा सेवा संचालन गर्दै आएको र हालै वाग्लुङमा केन्द्रिय कार्यालय रहेको धौलागिरी लघुवित्त वित्तीय संस्थासंग गरेको मर्जर प्रकृया तोडिएको प्रमुख कार्यकारी अधिकृत डोलराज के.सीले वताएका छन।

# नेपाली सेनाको स्वास्थ्य शिविरबाट २६३ लाभान्वित

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १ माघ**

मुस्ताङको थासाङ गाउँपालिका-३ लेतेमा आज सम्पन्न निःशुल्क स्वास्थ्य शिविरबाट करिब २६३ जना लाभान्वित भएका छन् । थासाङ गाउँपालिका, जिल्ला प्रशासन, स्वास्थ्य कार्यालय र जोमसोम अस्पतालसँग थासाङ गाउँपालिकाका बासिन्दालाई लक्ष्य गरेर प्राथमिक स्वास्थ्य केन्द्र लेतेमा शिविर आयोजना गरिएको थियो । शिविरमा १५० जनाले नेत्ररोग, ३७ जनाले बालरोग, ३० जनाले पाठेघर, ३२ जनाले दन्तरोग र ८४ जनाले भिडियो एक्सरे सेवा लिएका थासाङ गाउँपालिकाको स्वास्थ्य शाखा संयोजक सीताराम कार्कीले जानकारी दिनुभयो।

बिरामीको स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधि वितरणसम्बन्धी सेवा दिइएको थियो । नेपाली सेनाका विशेषज्ञ चिकित्सक, जोमसोम अस्पताल, थासाङ गाउँपालिका र लेते प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीले सेवा दिनुभएको थियो। टुकुचे, कोबाङ, लेते, कुञ्जो र घाँसाका बासिन्दाले शिविरबाट सेवा लिएका थिए । शिविरमा आएका बिरामीका लागि थासाङ गाउँपालिकाले यातायात र खानाखाजाको व्यवस्था मिलाएको थियो । शिविरमा कोरोना भाइरसको सङ्क्रमणबाट जोगिने उपायका विषयमा सर्वसाधारणलाई सचेतनामूलक कार्यक्रम गरिएको थियो।

# कोरोना महामारीले छेकेन देवघाटमा भक्तजन

**पोखरापत्र संवाददाता**
**दमौली, १ माघ**

कोभिड-१९ को महामारीका बीचमा पनि तनहुँको प्रसिद्ध धार्मिक तीर्थस्थल देवघाटधाममा भक्तजन पुगेका छन्। माघे सङ्क्रान्ति पर्वको अवसरमा शनिबार स्नान गर्नका लागि देवघाटधाममा भक्तजन पुगेका हुन् । कोरोना महामारीका कारण देवघाटमा भक्तजनलाई प्रवेश निषेध गर्ने निर्णय गरिएको तर पैदलयात्रामार्फत आएका भक्तजनलाई बिहान ८:३० बजेदेखि प्रवेशको व्यवस्था मिलाइएको थियो।

कोरोना त्रासका कारण देवघाटमा बाहिरी जिल्लाबाट आउनेलाई प्रवेश निषेध गर्ने भनिए पनि पैदलयात्रामार्फत आउनेलाई प्रवेश दिइएको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक धीरणबाबु घिमिरेले जानकारी दिनुभयो। माघे सङ्क्रान्ति पर्वका अवसरमा देवघाटमा वर्षेनी लाखौं भक्तजन आउने गर्दछन् तर यसपटक कोरोना महामारीका कारण भक्तजन घटेका छन्।


## राहदानी हरायो

**मिति २०७८ मंसिर १० गते गौडाकोमुखबाट महेन्द्रपूलतर्फ जादैं गर्दा मेरो निम्न व्यहोराको राहादानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।**

**नाम : प्रख्यात गुरुङ**
**ठेगाना : मोहोरिया-६, रूपा, कास्की**
**पासपोर्ट नं. १०८८३८०९**
**मो. : ९८१५१२५७४५**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : झमेला बढ्ने |
| सिंह | : मन चञ्चल | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# बगर भाइ खलक एट-ए-साइड फुटवल प्रतियोगिताको उपाधि ललितपुरको टि वर्गरलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**




'५ औं स्व.रञ्जित गुरुङ बगर भाई खलक एट-ए-साइड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको' उपाधि ललितपुरको टि वर्गर भेट्रान्सले जितेको छ । शनिबार भएको फाइनल खेलमा पोखराको एबिसी भेट्रान्सलाई घरेलु मैदानमा ३-० गोलले पराजित गर्दै पाहुना टोली टि वर्गरले उपाधि हात पार्न सफल भएको हो । टि बर्गरको जितमा भुपेन लिम्वुले २ र रमेश गुरुङले एक गोलको योगदान दिए। उपाधि संगै टिवर्गरले नगद १ लाख ५१ हजार १ सय १ सय ११ सहित रनिङ्ग शिल्ड, पदक र प्रमाणपत्र प्राप्त गरेको छ भने एविसीले उपाविजेता बन्दै नगद ७५ हजार ५ सय ५५ सहित ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरेको छ । फाइनल खेलमा म्यान अफ दि म्याचको ट्रफी टि वर्गरका भूपेन लिम्वुले हात पारे।

पोखराको प्रतिष्ठित संस्था बगर भाई खलकको आयोजनामा गत पुष २६ गतेबाट सञ्चालन भएको प्रतियोगितामा टि वर्गरका भुपेन लिम्वु सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै नगद ट्रफी सहित नगद १० हजार हात पारेका छन् भने उनी उत्कृष्ट मिडफिल्डर हुँदै थप नगद ५ हजार समेत हात पारे । प्रतियोगिता अन्तर्गत अन्य विद्यामा अन्तर्गत उत्कृष्ट गोल रक्षकमा टि वर्गरका मिन बहादुर बस्नेत, उत्कृष्ट डिफेण्डरमा एविसीका विष्णुलाल श्रेष्ठ, उत्कृष्ट फवार्डमा टि वर्गरका नगेन लिम्वु घोषित भए। उनीहरुले जनही नगद ५ हजारका साथमा ट्रफी हात पारे । 'स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागी नौलो आयाम' भन्ने मूल नाराका साथ उत्तः प्रतियोगिता आयोजना भएको हो । उपाधि विजेता टिम तथा खेलाडीहरुलाई प्रतियोगिताका मुख्य प्रायोजक स्व.रञ्जित गुरुङका छोरी ज्वाँई मेजर खुसिमान गुरुङ 'एमभिओ' र छोरी मञ्जु गुरुङ, प्रदेश खेलकुद परिषदका सदस्य सचिव तेज बहादुर गुरुङ, बगर भाई खलक यूकेका अध्यक्ष दिलरास गुरुङ, तमु धि यूकेका अध्यक्ष हितकाजी गुरुङ, सहारा युकेका अध्यक्ष रि.ले कुशाङ गुरुङ, सहारा युकेका निवर्तमान अध्यक्ष कुमार गुरुङ, बगर भाई खलकका संस्थापक अध्यक्ष चन्द्रमान गुरुङ 'सिएम', वगर भाई खलकद्धारा सम्मानित व्यक्तित्व महेश गुरुङ लगायतले शिल्ड, मेडल, ट्रफी र नगद वितरण गरेका थिए। ४० बर्ष देखि ६५ बर्षको उमेर समुहका पाका खेलाडीहरुको खेलबाट नयां पिढीलाई खेलकूद प्रति अभिरुची जगाई भविष्यमा खेलाडी उत्पादन गर्ने लक्ष्य राखिएको उक्त प्रतियोगितामा २५ टिमको सहभागिता रहेको संस्थाका अध्यक्ष दिल बहादुर गुरुङले बताएका छन् । उक्त प्रतियोगिता सफल बनाउन बिगत वर्षमा झैं यस बर्ष पनि सहारा युकेले द्वितिय पुरस्कार रु ७५ हजार ५ सय ५५ प्रायोजन गरेको थियो भने नेपालको चौधरी ग्रुप समेतले सह प्रायोजन गरेको थियो । यसैगरी बगर भाई खलक यूकेका अध्यक्ष दिलरास गुरुङले नगद एक लाख सहयोग गरेका थिए। पूर्व राष्ट्रिय खेलाडी ओम गुरुङले ८ थान बल र नगद २० हजार प्रदान गरेका छन्।

# कालिका लघुवित्तको बाह्रौं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १ माघ**

राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको कास्कीको पोखरामा केन्द्रीय कार्यालय रहेको कालिका लघुवित्त वित्तीय संस्थाले विभिन्न प्रस्तावहरु पारित गर्दै आ.व.०७७/०७८ को बाह्रौ साधारण सभा सम्पन्न गरेको छ।

पौष ३० गते शुक्रवार सम्पन्न बाह्रौ साधारण सभाको उद्धघाटन संचालक समितिका अध्यक्ष एवं सभाका अध्यक्ष कृष्ण बहादुर खाँणले गरेका थिए

सभा अध्यक्ष एवं संचालक समितिका अध्यक्ष कृष्ण बहादुर खाँणले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदनका सम्बन्धमा सहभागी शेयरधनीहरुको तर्फबाट उठेका टिप्पणी र सुझावहरुमा विस्तृत छलफल गर्दै सभामा पेश भएका विभिन्न प्रस्तावहरु लगायत १३ प्रतिशत शेयर लाभांस सहितको वार्षिक प्रतिवेदन पारित गर्दै आ.व.०७७/०७८ को बाह्रौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । पूर्व प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती, पूर्व संस्थापक अध्यक्ष चन्द्र बहादुर बस्नेत लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रममा प्रवन्ध संचालक केशवनारायण प्रधानले संस्थाको बर्तमान अवस्था र भावी योजनाहरुवारे विवरण प्रस्तुत गरेका थिए ।

संस्थाका कम्पनी सचिव एवं वरिष्ठ प्रवन्धक फणिन्द्र पाण्डेले उक्त सभा संचालन गर्नु भएको थियो।


# Vacancy Announcement

Vacancy Notice No.: GPH-EVA-14-2078-79

INTERNATIONAL NEPAL FELLOWSHIP

**International Nepal Fellowship (Nepal)** is Non-Government Organization established in 1952 and serving poor and disadvantaged people of Nepal to enable life in its fullness through health and development service. INF Nepal is currently working in health and community development service in Gandaki, Lumbini, Karnali and Sudurpashim provinces of Nepal.

INF Nepal Green Pasture Hospital (GPH), Pokhara, serving peoples with specialized treatment and rehabilitation services in leprosy, dermatology, spinal cord injuries & other neglected trauma, ear car, palliative care etc. is looking for qualified, skilled, service oriented and committed Nepali citizens who share our vision, missions and values.

**1. Position: Consultant Dermatologist** **Required Number: 1**
**Location: GPH , Pokhara**

**Purpose of the Job:**
The post holder is responsible for contributing towards setting up, developing, maintaining and enhancing the technical standard of the dermatology care of GPH aiming to make this a medical Centre of excellence for Nepal. The job holder should also contribute for long term sustainability of the Hospital through income generation and training and development of Nepali medical staff.

**Required Qualifications, Skills and knowledge:**
- MD Dermatology (NMC Registered) with a minimum of 2 years of clinical experience. However, fresh graduates can also apply.
- A positive and proactive approach to patient care with genuine interest in helping people.
- Ability to work in a team.
- Ability to lead and coach/mentor others to develop the team.
- Good leadership skills with the ability to work in cross-culture and multi-disciplinary clinical settings.
- Must be able to abide and demonstrate INF Nepal's Values in one's areas of work.

All ėligible and interested candidates who meet the above criteria can send their application stating the post applied for with detailed curriculum vitae on given email address by **25th January 2022.**

**INF Nepal, Pokhara**
**Email: recruitment@nepal.inf.org**

Only shortlisted candidates will be invited to participate in further assessment and selection process. **INF Nepal encourages applications from persons with disabilities disadvantaged and vulnerable groups.**

***INF Nepal reserves the right to hold partial or whole applications process any time without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result to disqualify.***

# रेडक्रस सोसाइटी पोखरा-३२ मा पुनःपरियार

पोखरापत्र संवाददाता

पोखरा, १ माघ

नेपाल रेडक्रस सोसाइटी पोखरा महानगरपालिका वडा नं ३२ उपशाखाको १२ औं साधारणसभा तथा छैटौं अधिवेशनले पुनः किसान परियारको सभापतित्वमा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

पोखरा-३२ तल्लो गगनगौडामा शनिबार सम्पन्न साधारणसभा तथा अधिवेशनले उपसभापतिमा राधा थापा, सचिवमा विन्दुराज तिवारी, कोषाध्यक्षमा शरणकुमार प्रधान, सह सचिवमा कीर्तिराज खनाल र सह कोषाध्यक्षमा विमलाकुमारी थापा बस्नेतलाई सर्वसम्मत निर्वाचित गरेको हो । त्यस्तै समितिका सदस्यहरूमा नरनारायण सिग्देल, लक्ष्मीकान्त सापकोटा, चन्द्रकुमारी पुन, देवी तिवारी र भक्तबहादुर केसी हुनुहुन्छ।

समितिमा अधिकांश पूर्ववत् कार्यसमितिका हुनुहुन्छ । अधिवेशनमा निर्वाचनका लागि नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका उपमन्त्री उर्मीला खड्का भण्डारीको संयोजकत्वमा नेपाल रेडक्रस सोसाइटी कास्कीका उपनिर्देशक खेमराज सापकोटा रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो भने सहजीकरण निवर्तमान सभापति मेघराज पौडेल र आजीवन सदस्य दोलराज पण्डितले गर्नुभएको थियो । यस अघि अधिवेशनको उद्घाटन समारोहमा पोखरा-३२ का वडाअध्यक्ष अक्कलबहादुर कार्कीले मानवीय सेवाका क्षेत्रमा उपशाखाले देखाएको सकृयता प्रशंसनीय भएको बताउनुभयो।

उपशाखाका सभापति किसान परियारले उपशाखाले कार्यालय भवन निर्माण, विपद् व्यवस्थापन कोष स्थापनाका साथै एम्बुलेन्स सेवा सञ्चालनलाई क्रमशः प्राथमिकतामा राख्दै अघि बढेको जानकारी दिनुभयो । उहाँले विपद्का साथै रगतको अभाव आदिमा उपशाखाका तर्फबाट निरन्तर प्रयास गरिएको बताउनुभयो।

उपशाखाका सभापति किसान परियारको सभापतित्व एवम् सचिव विन्दुराज तिवारीले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष राधा थापाले गर्नुभयो भने सचिव तिवारीले संस्थाको प्रतिवेदन एवम् कोषाध्यक्ष शरणकुमार प्रधानले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका उपमन्त्री उर्मिला खड्का, निवर्तमान सभापति मेघराज पौडेल, वडा जनप्रतिनिधिद्वय धर्मबहादुर बस्नेत र विष्णुप्रसाद तिवारी, नेपाली काँग्रेस पोखरा-३२ का सभापति कुलप्रसाद अधिकारी, नेकपा एमाले पोखरा-३२ का अध्यक्ष चिरञ्जीवि तिवारी, नेकपा माओवादीका प्रतिनिधि अर्जुन मल्ल, आजीवन सदस्य विष्णुबहादुर बस्नेत लगायतले रेडक्रसका सिद्धान्तलाई आत्मसात गर्दै मानवीय सेवामा जुट्नुपर्नेमा जोड दिनुभयो । कुल १६२ सदस्य रहेको उपशाखाले यस क्षेत्रका विभिन्न मानवीय सेवाका काममा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ।

# १० दिने कपडा बाट जुत्ता चप्पल बनाउने तालिम सम्पन्न

महेन्द्र ढुंगाना

लेखनाथ, १ माघ



लेखनाथ उद्योग बाणिज्य संघ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेशको संयुक्त आयोजनामा १० दिने कपडा बाट जुत्ता चप्पल बनाउने तालिम एक कार्यक्रम विच सम्पन्न भएको छ।

तालिम व्यवस्थापन उपसमिति संयोजक एवं कार्यसमिति सदस्य ध्रुर्बबावु भट्टराईको अध्यक्षतामा आयोजना गरिएको समापन कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य एवं प्रमुख अतिथि बावुराम गिरीले सहभागिहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । प्रमुख अतिथि गिरीले सम्पुर्ण सहभागिहरुलाई निरन्तर रुपमा अगाडी बढ्न, व्यवसायीक बन्नका लागि आवहान गर्नुहुदैं उत्पादन र बजारीकरणको कुनै समस्या नहुनेमा ढुक्क रहन आग्रह गर्नुभएको थियो । २५ जना सहभागी रहेका उक्त तालिममा सहभागीहरुको तर्फबाट आफ्नो धारणा राख्नुहुदैं शारदा बराल खत्रीले तालिम अति फलदायि भएको आफुहरुले केहि गर्ने इच्छा धेरै अगाडिदेखि राखेकोमा यस तालिमबाट उद्यमी बन्न सहयोग पुगेको बताउनुहुदैं यस्को एड्भान्स कोर्सको तालिम माग गर्नुभएको छ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय, पुर्व अध्यक्षद्धय लक्ष्मीप्रसाद त्रिपाठी र कृष्णहरि भण्डारीले यति छोटो समयमा नै उत्कृष्ट चप्पल बनाउन सकेकोमा प्रशिक्षक र सहभागीलाई धन्यवाद दिनुहुदैं सवैलाई व्यवसायीक बन्नका लागि अनुरोध गर्नुभएको थियो। उत्पादन र बजारीकरणको कुनै समस्या नहुने यसका लागि लेखनाथ उद्योग वाणिज्य संघ र महिला उद्यमी उपसमिति हरबखतसँगसँगै हुनेहुदां सहभागीहरुलाई एकजुत भई उत्पादनमा ध्यानदिन आग्रह गर्नुभएको थियो।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् गण्डकी प्रदेश कार्यालयका निर्देशक प्रमोद आचार्यले लेखनाथ उद्योग वाणिज्य संघ र सिटिइभिटी गण्डकी प्रदेशले गरेर व्यवसायीक तालिम र प्राविधिक शिक्षाका लागि अगाडि बढ्न सकिने बताउनुहुदैं सवैले आफुले सिकेको सिपलाई सदुपयोग गर्दै उद्यमी बन्न आग्रह गर्नु भएको थियो।

समापन कार्यक्रममा संघका बरिष्ठ उपाध्यक्ष विनोद श्रेष्ठ, प्रथम उपाध्यक्ष राजेन्द्र ओझा, द्धितीय उपाध्यक्ष गोपिचन्द्र बास्तोला, तालिम व्यवस्थापन सल्लाहकार प्रकाशलाल श्रेष्ठ लगायतकाको उपस्थिति रहेको सो कार्यक्रममा संघका उपमहासचिव जानुका पराजुली अधिकारीले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यसमिति सदस्य एवं महिला उद्यमी परिचालन उपसमिति संयोजक ईन्दिरा रोकाले कार्यक्रम संचालन गर्नु भएको थियो।


## ROYAL SAVING AND CREDIT CO-OPERATIVE SOCIETY LIMITED

### Putali Bazaar-1, Syangja

## INVITATION FOR SEALED BIDS

Notice Published Date: 2078.10.02

ROYAL SAVING AND CREDIT COOPERATIVE SOCIETY LIMITED, having its office at Syangja Bazaar, Syangja (The SACOS) invites sealed bid from eligible registered Firms/Companies/ Contractors/ Suppliers for CIVILCONSTRUCTION AND RENOVATION WORKS for following:.

- Renovation and Truss work of Main office, Syangja Bazaar

**Terms & Conditions**

1. The work to be executed comprise mainly Civil Works, steel reinforcement work, Dacra Truss Metal Works, Sanitary/Plumbing Works, Air-Conditioner works and security system works etc. applicable as per the office requirements.
2. A Bidding document may be purchased from the Main office, Putalibazaar, Syangja on the submission of a written application by bidders, along with the copy of company/firm registration certificate, and upon deposit of non - refundable fee of NRs. 2,000.00 (Nepalese Rupees Two Thousand Only), on account no. 00110200000033000003 (BID APPLICATION FEE).
3. Entire original bidding documents and firm's legal documents, certificates should be endorsed (affixed stamp and signature) in all pages.
4. Powers of Attorney in favor of person(s) signing the bid that such person(s) is/are authorized to sign the bid on behalf of the bidder and consequences resulting due to such signings shall be submitted with bidding document.
5. Bidders should submit a bid amount of NRs. 300,000.00 (Nepalese Rupees Three Hundred Thousand Only) either through cash deposit on Muktinath Bikas Bank Ltd A/c no. 00110200000033000003 (BID MONEY PAYABLE) or Bid Bond which is valid up to 30 days beyond last date of bid submission.
6. Bidding document must be submitted within 4:00 PM of Magh 09, 2078 at SACOS main office, Syangja. Bids received after this deadlines will be rejected. If there is any public holiday in last date of submission, it can be submitted on next working day.
7. Bidding document will be opened in presence of Bank & Bidder's representative on Magh 10, 2078 at 11:00 AM at Main office, Putalibazaar, Syangja, virtually. However, Presence of Bidder's representatives will not be mandatory for opening bidding documents.
8. Non submission of the required valid legal and other documents and non-compliance of mandatory requirements as mentioned above may lead to the disqualification of the proposals.
9. The SACOS, Board of Directors reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever.
10. Other detail information shall be available with the bidding documents.


# पतञ्जली योग शिविर सम्पन्न

हुमा परियार/सुस्मिता श्रेष्ठ

पोखरा, १ माघ

पतञ्जली योग समिति नेपाल गण्डकीको अयोजनामा योग शिविर शनिबार पोखरामा सम्पन्न भएको छ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका सांसद मीना गुरुङले युवाहरुलाई योग तर्फ आकर्षित गर्नुपर्ने बताइन् । शिक्षा संस्कृति तथा सामाजिक विकाश मन्त्रालयका उपसचिव भोजराज न्यौपानेले योगबाट आफू लाभान्वित भएको बताए । खेलकुद परिषद् गण्डकीका सदस्य योगेन्द्र शेरचनले खेलकुद क्षेत्रमा समेत योगलाई विस्तार गर्नुपर्ने बताए । युवा विभाग प्रमुख कमला गुरुङले योग दिवसको बारेमा चर्चा गर्दै योगको बारेमा मानिसमा शिक्षा र जनचेताना फैलाउन पतञ्जलीले महत्पूर्ण भूमिका खेलेको बताइन्।

पतञ्जली योग समिति नेपाल गण्डकीका अध्यक्ष रश्मि भण्डारीले बिसम परिस्थीतिमा उपस्थीत सबै लाई धन्यबाद दिदै योगको महत्वको बारेमा बताइन।


## धितो लिलाम बिक्री गर्ने ७ दिने अत्यन्त जरुरी सूचना।

(तेस्रो तथा अन्तिम पटक प्रकाशित मिति २०७८/१०/०२ गते)

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्र्तगत लिएको कर्जा तथा सोको साँवा, ब्याज र हर्जना समेत यस संस्थासाग गरेको शर्त कबुलियत बमोजिम समय समयमा बुझाउनु पर्नेमा सो नबुझाएको हुँदा कर्जा भुक्तानी सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने कर्जा नबुझाई कर्जा तथा सहकारी सुबिधा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले मिति २०७८/०७/१३ गतेको पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नका लागि ३५ दिने सूचना, मिति २०७८/०८/२१ गते धितो लिलाम बिक्री गर्ने २१ दिने र मिति २०७८/०९/१५ गते धितो लिलाम बिक्री गर्ने १५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेको कारण तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी यस संस्थाको लेना रकम असुल उपर गरी लिनको लागि ऋणको सुरक्षण वापत लेखाई दिएको धितो लिलाम बिक्री गर्न यो तेस्रो तथा अन्तिम पटक ७ दिने धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित लिलाम बिक्री हुने धितो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्धारा खरिद गरी लिन ईच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको रकम सहित गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफ ५७, सहकारी ऐन २०७४, करार ऐ २०५६, गण्डकी प्रदेश सहकारी ऐन २०७५, निमावली २०७६ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाईने छैन्। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असूल उपर गरी लिने व्यहोरा सुचित गरिन्छ।



१. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : धनबहादुर गुरुङ
पिता: लालबहादुर गुरुङ
बाजे : मोति
ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं.: १२४९/स्याङ्जा



जमानि कर्ताको नाम र ठेगाना:
नाम: बिलबहादुर गुरुङ
पिता: धनबहादुर गुरुङ
बाजे : लालबहादुर गुरुङ
ठेगाना: दार्सिङ् दहथम-४ केघा
ना.प्र.नं. : ८४८२७/स्याङ्जा

धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: धनबहादुर गुरुङ

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | दार्सिङ दहथुम | ०४ | ५३ | ०.११.३.१ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |
| | | | ०४ | ११७ | ५.२.०.१ | |
| | | | ०४ | १७८ | ३.१३.०.३ | |
| | | | ०४ | २३९ | ०.१४.१.३ | |
| | | | ०४ | ६९८ | २०.१५.०.३ | |



२. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम : गुमाकुमारी अर्याल
पति: चार नारायण भन्ने च्याम नारायण अर्याल
बाजे : चोलाकान्त
ठेगाना: सातु पसल-४ घर भै पुतलीबजार-१३
ना.प्र.नं.: २४७६/स्याङ्जा



जमानी कर्ताको नाम र ठेगाना:
नाम: हेमराज गौतम
पिता: गंगाप्रसाद गौतम
बाजे : मोतिलाल गौतम
ठेगाना:पुतलीबजार १० हाल पुतलीबजार-१३
ना.प्र.नं. : ७००४५/स्याङ्जा

धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: गुमाकुमारी अर्याल

नाम : चार नारायण भन्ने च्याम नारायण अर्याल
पिता: चोलाकान्त
ठेगाना : सातुपसल-४ हाल पुतलीबजार न.पा-१३ यवादी

| सि. नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | सातुपसल | ०४ | २३७ | ०.१३.०.१ | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापता समेत |
| | | | ०४ | २८६ | ०.१४.०.० | |
| | | | ०४ | २८९ | ०.९.२.१ | |
| | | | ०४ | २९१ | ०.१.३.१ | |
| | | | ०४ | २९४ | ३.३.१.० | |
| | | | ०४ | ५१४ | ०.८.०.० | |
| | | | ०४ | ५१८ | ०.८.३.१ | |
| | | | | ५१९ | ०.२.३.१ | |
| | | | | २८३ | १.५.१.२ | |
| | | | | २३९ | ०.२.१.२ | |
| | | | | १९३ | ०.६.३.० | |
| | | | | २५६ | २.०.२.१ | |
| | | | | २९२ | ४.३.२.२ | |
| | | | | ४६७ | ०.४.३.२ | |
| | | | | ५१२ | ३.०.३.३ | |
| | | | | ५२६ | १.१५.३.० | |



३. कर्जा शिर्षक: व्यापार कर्जा :
ऋणीको नाम: चित्रबहादुर कार्की
पिता: तिलबहादुर कार्की
बाजे: हिमन्त
ठेगाना: फेदीखोला-१, घर भै हाल फेदीखोला-२
ना.प्र.नं.: ३८२/स्याङ्जा
धितो राखिएको सम्पत्ति विवरण:
धितो सुरक्षण धनीको नाम: चित्रहादुर कार्की



जमानी कर्ताको नाम र ठेगाना:
नाम: अनिल कार्की
पिता: चित्रबहादुर कार्की
बाजे: तिलबहादुर कार्की
ठेगाना: फेदीखोला-१ घर भै हाल फेदीखोला-२
ना.प्र.नं.: ४२१०६१/९५२८७/स्याङ्जा

जमानी कर्ताको नाम र ठेगाना:
नाम: प्रेमनारायण अर्याल
पिता: नरभुपाल अर्याल
बाजे: खडानन्द अर्याल
ठेगाना: खिलुङ देउराली-९, हालभीरकोट-७
ना.प्र.नं.: ६५१४/स्याङ्जा

| सि.नं. | जिल्ला | न.पा./ गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्याङ्जा | फेदीखोला | ०१ | २६५५ | ०.७.१.० | सो जग्गामा निर्माण भएको पक्की घर तथा पछि भविश्यमा निर्माण हुन सक्ने सम्पूर्ण भवनहरु तथा सोको लिग लगापता समेत |
| | | पुतलीबजार | ०९ | ४३६७ | ०.२.०.० | " " " |

**श्री कालिका बचत तथा ऋण सहकारी संस्था लि.**
भीरकोट नगरपालिका-१, स्याङ्जा
फेन नं. ०६३- ६२०१७०, १९७